## शिवसताक्षी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालयको

## शिलबन्दी दरभाउपत्र प्रस्ताव आब्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित २०७५/१०/०८**

शिवसताक्षी नगरपालिकाको कार्यालय प्रयोजनको लागि Network को माध्यमबाट संचालन गर्न सकिने (IP Telephony) खरिद गर्नुपर्ने भएकोहुँदा योग्यता पुगेका संघ संस्था, फर्म (FIRM) तथा सेवा प्रदायक कम्पनीहरुले यो सुचना प्रकाशन गरिएको मितिले १५ दिन भित्र पेश गर्ने गरी शिलबन्दी दरभाउ प्रस्ताव आव्हान गरिएको व्यहोरा सम्बन्धित सबै मा अनुरोध छ।

### ठेक्का सम्वन्धी विवरण

– इच्छुक योग्यता पुगेका दरभाउपत्रहरुबाट सुचना प्रकाशन मितिले १५ औ दिन (मिति २०७५/१०/२२) सम्ममा कार्यालय समय भित्र यस कार्यालयबाट फिर्ता नहुने गरि रु १,०००।०० (अक्षेरपी रु एक हजार मात्र) नगदै बुझाइ नगदी रसिदका साथ आ.व. २०७४/०७५ को नविकरण भएको इजाजत पत्र, स्थायी लेखा नंबर वा मु.अ.कर दर्ता प्रमाणपत्र आ.व. २०७४/०७५ को कर चुक्ता गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी दरभाउपत्र यस कार्यालयबाटै खरिद गर्न सकिने छ।

– आफुले लिन चाहेको ठेक्काको कबोल अंक नगरपालिकाले उपलव्ध गराएको फाराममा अंकमा र अक्षरमा स्पष्ट उल्लेख गरी दरभाउपत्र दाताले नाम ठेगाना लेखी सही छाप गरी सिलवन्दी दरभाउपत्र सूचना प्रकाशन भएको मितिले १६ (सोह्रौं) दिन (मिति २०७५/१०/२३) दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ। शिलबन्दी दरभाउपत्र फारम खरिद गर्ने, दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको दिन उल्लेखित समयमा खरिद दर्ता र खोलिने छ।

– शिलवन्दी दरभाउपत्रसाथ जमानत रकम रु ४५,०००।०० (पैतालिस हजार मात्र) यस कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक भद्रपुर शाखामा रहेको धरौटी खाता न. २२१०३०३००७१०२ मा नगदै जम्मा गरी सक्कलै भौचर वा ७५(पचहत्तर) दिनको म्याद भएको मान्यताप्राप्त (क) वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नामा जारी भएको सक्कल विड बण्ड (बैंक ग्यारेन्टी) शिलबन्दि दरभाउपत्रका साथ पेश गर्नु पर्नेछ।

– दरभाउ पत्र पेश गर्दा प्रत्येक आइटमको दर रेट अंक र अक्षरमा स्पष्ट हुनेगरी लेखी कुल जोडको पनी अंक र अक्षरमा लेख्नु पर्नेछ। अंक र अक्षर फरक भएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

- रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन।
- दर्ता भएका दरभाउपत्र आंशिक वा पुर्णरुपमा स्विकृत गर्ने वा अस्विकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।
- दरभाउपत्र पेश गर्दा पेश गर्नेको पत्राचार ठेगाना, सम्पर्क नं., फ्याक्स नं. र इमेल स्पष्ट सँग लेख्नुपर्ने छ।
- यससँग सम्वन्धित अन्य कुरा बुझ्नु परेमा कार्यालयमा बुझ्न सकिनेछ।

यस सूचनामा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानुन बमोजिम हुनेछ।